# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


मिति: २०७९।११।३०

प.सं.२०७९/०८०
च.नं. ६२६

**बिषय -:मृत्यूको दोहोरो दर्ता रद्द गर्ने सम्बन्धमा।**

वडा कार्यालय सबै (१-२९),
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.१४२२, मिति २०७९।११।२३ को प्राप्त पत्रानुसार अनलाईन सूचना प्रणालीबाट ब्यक्तिगत घटना दर्ता गर्ने दौरानमा कतिपय वडा कार्यालयमा एउटै ब्यक्तिको मृत्युको घटना दर्ता एक पटक भन्दा वढी दर्ता भएको हुन सक्ने वडागत/स्थानिय तहगत/जिल्लागत तथ्याङ्क व्यक्तिगत घटना दर्ता प्रणालीमा देखिएको छ। अत:तहाँ वडामा र अन्य जिल्लामा समेत सम्भावित एक पटक भन्दा बढी मृत्यु घटना दर्ता भएका मृत्यु दर्ताको विवरण Excel file format मा soft copy यसै पत्र साथ संलग्न गरि वडाको Email ID मा पठाएको ब्यहोरा जानकारी गराउदै उक्त विवरणमा आवश्यक छानविन गरी एउटै ब्यक्तिको मृत्यु दर्ता एक पटक भन्दा वढी भएको पाईएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन ,२०७६ को दफा २४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित),२०७७ को नियम २२ अनुसार गर्नको लागि आवश्यक ब्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ।

२०७९।११।३०
.......................
(भोजराज रेग्मी)
अधिकृतस्तर छैटौं
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(पञ्जीकरण शाखा)

फोन : ४४११५६१, ४४६४६८६, ४४६२०५६, ४२००८९५
फ्याक्स : ४२०००१४
सिंहदरबार काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०७९/०८०
चलानी नं. 9422

मितिः २०७९।११।२३

विषय : मृत्युको दोहोरो दर्ता रद्द गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा कुनै व्यक्तिको एउटै व्यक्तिगत घटना एक पटक भन्दा बढी दर्ता गर्न नमिल्ने व्यहोरा विदितै होला । यद्यपी अनलाईन सूचना प्रणालीवाट व्यक्तिगत घटना दर्ता गरिरहेका कतिपय वडा कार्यालयमा एउटै व्यक्तिको मृत्युको घटना दर्ता एक पटक भन्दा बढी दर्ता भएको हुन सक्ने वडागत/ स्थानीय तहगत/ जिल्लागत तथ्याङ्क व्यक्तिगत घटना दर्ता प्रणालीमा देखिएको छ ।अतः व्यक्तिगत घटना दर्ता प्रणालीमा रहेको व्यक्तिगत घटना दर्ता अन्तर्गतको डाटा शुद्धिकरण मेनुमा गई सो मेनुमा रहेका सम्भावित एक पटक भन्दा बढी मृत्यु घटना दर्ता भएका व्यक्तिको मृत्यु दर्ताको विवरण download गरी आवश्यक छानविन गरी एउटै व्यक्तिको मृत्यु दर्ता एक पटक भन्दा बढी भएको पाईएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनको दफा २४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित),२०७७ को नियम २२ अनुसार गर्नको लागि आवश्यक व्यवस्था गर्नुहुन र सोको जानकारी यस विभागमा समेत पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(समीर भण्डारी)
शाखा अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, सबै : जानकारीको लागि अनुरोध छ ।

श्री सितेन्द्रजी
सबै वडा कार्यालयहरुको
दोहोरो मृत्यु दर्ता भएका
विवरण शुद्धिकरण गरी रद्द गर्नु
पर्नेको विवरण एकिन गरी रद्दको
लागि तत्काल पठाउन जानकारी गराउने/
२०७९/११/३०

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. १०२
दर्ता मिति: २०७९/११/३०